## PRS चिकित्सकीय यातायातको साधन प्रबन्ध गर्न 614-233-2381 मा फोन गर्नुहोस् ।

**फ्रयाङ्कलिन काउन्टी रोजगारी तथा पारिवारिक सेवा विभागको यातायात एकाइ सोमबार देखि शुक्रबार बिहान 7:00 बजे देखि बेलुका 5:00 बजे सम्म (काउन्टीको बिदाका दिनहरू बाहेक) खुला रहनेछ ।**

## PRS सेवाग्राहीहरू ध्यान दिनुहोस् !

आफ्नो गर्भावस्थाको अन्तिम तीन महिनामा तपाईंले आफूलाई इच्छा अनुसार फोन गर्ने सुविधाको लागि अनुरोध गर्न सक्नुहुन्छ । यसो गर्दा आवश्यक परेमा तपाईंले आफ्नो निम्ति चिकित्सकीय ध्यानकर्षणको लागि तत्काल यातायातको साधन प्रबन्ध गर्न हाम्रो नियमित कार्यालय समय पश्चात वा सप्ताहान्तहरूमा सिधैं क्याब कम्पनीलाई फोन गर्न सक्नुहुन्छ ।

**तपाईंले आफ्नो यातायात प्रतिनिधिलाई सूचित गर्नुभएको चिकित्सकीय प्रदायक वा अस्पतालको लागि मात्र यस यातायातको साधन प्रबन्ध गर्न सक्नुहुन्छ ।**

अन्य सबै चिकित्सकीय एपोइन्टमेन्टहरूको लागि कृपया आफ्नो निर्धारित एपोइन्टमेन्ट कम्तीमा पनि 24 घण्टा अगाडि फोन 614-233-2381 गर्नुहोस् ।

**तपाईंको शिशु 2 महिनाको हुँदा सम्म तपाईंले PRS यातायात सेवा उपभोग गर्न पाउनुहुनेछ।** त्यस समय पश्चात तपाईंले अन्य व्यस्था हरूको प्रबन्ध आफैं गर्नुपर्छ वा आफ्नो केस म्यानेजरलाई सम्पर्क गरेर तपाईंले पाउन सक्ने अन्य कार्यक्रम अन्तर्गत चिकित्सकीय यातायात सेवाहरूको लागि आफ्नो नाम दर्ता गर्नुपर्नेछ ।

Franklin County Department of Job and Family Services
1721 Northland Park Avenue, Columbus, OH 43229

Franklin County
Where Government Works

FCDJFS #126 (Rev. 8-2016)

# प्रश्न तथा उत्तरहरू

[illegible]

**सम्बन्धित सेवाहरू (PRS)**

चिकित्सकीय क्याब यातायात सेवाहरू



**Q** **चिकित्सक कहाँ जानको लागि मैले कसरी क्याब पाउन सक्छु ?**

**A** यातायातको समय निर्धारण गर्न वा आफ्नो क्याबको प्रबन्ध बारे पुष्टि गर्न **यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस् ।**

<u>तपाईंको चिकित्सकसँगको एपोइन्टमेन्ट भन्दा 24 घण्टा वा एक कार्यालय दिन अगाडि अनुरोध गर्नुपर्छ ।</u>



**Q** **चिकित्सक कहाँबाट म कसरी घर फर्कन सक्छु ?**

**A** क्याब ड्राइभरले तपाईंलाई घर फर्कन वा अर्को चिकित्सकीय एपोइन्टमेन्टमा जानको लागि तयार भएपछि प्रयोग हुने फिर्ती स्लिप दिनेछन् ।

**तपाईं हाल भएको स्थानबाट जान तयार हुनु भएपछि क्याबलाई बोलाउन फिर्ती स्लिपमा भएको नम्बरमा फोन गर्नुहोस् ।**

**Q** **म कति बेला तयार भएर बस्नुपर्छ ?**

**A** **तपाईं क्याबको लागि आफ्नो एपोइन्टमेन्टको समय भन्दा एक घण्टा अगाडि तयार भएर बस्नुपर्छ ।**

(क्याब तपाईंको एपोइन्टमेन्टको समय भन्दा अगाडि एक घण्टा भित्रमा कुनैपनि समय आउन सक्छ ।)

**Q** **यदि क्याब नआएमा के गर्ने ?**

**A** मौसमको अवस्था तथा अन्य कारक तत्वहरूले तपाईंको क्याब आउने समयलाई प्रभावित गर्न सक्छन् । **यदि क्याब तपाईंको एपोइन्टमेन्ट भन्दा 30 मिनट अगाडि सम्म नआएमा यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस्** जसबाट हामीले तपाईंलाई लैजानको लागि क्याब बाटोमा आउँदै छ भनेर सुनिश्चित गर्न सकौं ।

**क्याब कम्पनीलाई सिधैं फोन नगर्नुहोस् !** हामीसँग तपाईंको यातायात बारेमा पुष्टि गर्न विशेष कार्यविधिहरू छन् ।

**Q** **यदि मलाई काउन्टीको कार्यालय समय पश्चात वा सप्ताहान्तहरूमा क्याब आवश्यक परेमा के गर्ने ?**

**A** यदि तपाईंलाई काउन्टीको कार्यालय समय **पश्चात** क्याब सेवा आवश्यक परेमा अगाडि नै यातायात एकाइलाई सम्पर्क गर्नुहोस् ।

**Q** **यदि मैले क्याबलाई रद्द गर्नुपर्ने वा मेरो क्याबको प्रबन्धमा केही परिवर्तन गर्नुपर्ने नै भएमा के गर्ने ?**

**A** यदि तपाईंले आफ्नी निर्धारित क्याब यातायातलाई रद्द गर्नुपर्ने वा समय, मिति वा स्थान जस्ता कुनै जानकारी परिवर्तन गर्नुपर्ने नै भएमा तपाईंले FCDJFS मा रहेको यातायात एकाइमा फोन गरेर यी परिवर्तनहरूको बारेमा जानकारी दिनुपर्छ ।

<u>क्याब यातायात प्रदायकलाई हामीले निर्देशन गरेको ठाउँमा मात्र तपाईंलाई लैजान अनुमति हुन्छ ।</u>

**आफ्नो LEAP यातायातको समयतालिका परिवर्तन गर्न**

## आफ्नो LEAP केस म्यानेजरलाई फोन गर्नुहोस् ।

**614-233-2381 मा फोन गर्नुहोस् ।**

**फ्रयाङ्कलिन काउन्टी रोजगारी तथा पारिवारिक सेवा विभागको यातायात एकाइ सोमबार देखि शुक्रबार बिहान 7:00 बजे देखि बेलुका 5:00 बजे सम्म (काउन्टीको बिदाका दिनहरू बाहेक) खुला रहनेछ ।**

## LEAP विद्यार्थीहरूको लागि विशेष जानकारी !

यदि तपाईंले लगातार दुई दिन भन्दा बढी पटक आफ्नो निर्धारित क्याबलाई छुटाउनु भएमा यो मामिला समाधान नहुँदा सम्म तपाईंको यातायातलाई होल्डमा राख्न सकिन्छ । यदि तपाईं आफ्नो क्याबले लिन आउने निर्धारित समयमा तयार भएर बस्नुभएको छैन भने क्याब कम्पनी तपाईंलाई पर्खेर बस्न बाध्य हुँदैन ।

## तपाईं आफ्नो क्याब ले लिन आउने समयमा निर्धारित तयार भएर बस्नुपर्छ !

यदि तपाईंलाई एजेन्सीको कार्यालय समय भन्दा **अगाडि** आफ्नो क्याब रद्द गर्नुपर्ने भएमा **मात्र** तपाईंले क्याब कम्पनीलाई सिधैं फोन गर्न सक्नुहुन्छ ।


Franklin County Department of Job and Family Services
1721 Northland Park Avenue, Columbus, OH 43229


Franklin County
Where Government Works


**FCDJFS #121** (Rev. 8-2016)


# प्रश्न तथा उत्तरहरू

# सिक्ने आर्जन गर्ने तथा पालनपोषण गर्ने (LEAP)

## चिकित्सकीय क्याब यातायात सेवाहरू



**Q** मैले LEAP लाई कसरी

**A** तपाईंको LEAP केस म्यानेजरले **तपाईंको समयतालिका यातायात एकाइमा पठाउनुपर्ने हुन्छ ।** यसमा तपाईंलाई लिन आउनुपर्ने ठेगाना, दिन र समय समावेश गरिएको हुनेछ ।



**Q** यदि क्याब नआएमा के गर्ने ?

**A** मौसमको अवस्था तथा अन्य कारक तत्वहरूले तपाईंको क्याब आउने समयलाई प्रभावित गर्न सक्छन् । **यदि क्याब तपाईंको निर्धारित लिन आउने समय पश्चात 30 मिनट सम्म नआएमा यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस्** जसले गर्दा हामीले तपाईंलाई लैजानको लागि क्याब बाटोमा आउँदै छ भनेर सुनिश्चित गर्न सकौं । तपाईंले क्याब कम्पनीलाई एजेन्सीको कार्यालय समय **अगाडि** मात्र सिधैं फोन गर्न सक्नुहुन्छ ।

**Q** म कति बेला तयार भएर बस्नुपर्छ ?

**A** **तपाईं क्याबको लागि आफ्नो एपोइन्टमेन्टको समय भन्दा एक घण्टा भन्दा अगाडि तयार भएर बस्नुपर्छ ।**

(क्याब तपाईंको एपोइन्टमेन्टको समय भन्दा अगाडि एक घण्टा भित्रमा कुनैपनि समय आउन सक्छ ।)

**Q** घर फर्कनको लागि मैले कसरी क्याबलाई बोलाउन सक्छु ?

**A** क्याब ड्राइभरले तपाईंलाई विद्यालयबाट घर फर्कनको लागि तयार भएपछि प्रयोग हुने फिर्ती स्लिप दिनेछन् ।

**यदि तपाईंलाई लिन आउने समय पूर्व-निर्धारित छैन भने तपाईं विद्यालयबाट फर्कन तयार हुनु भएपछि क्याबलाई बोलाउन फिर्ती स्लिपमा भएको नम्बरमा फोन गर्नुहोस् ।**

**Q** यदि मैले क्याबलाई रद्द गर्नुपर्ने नै भएमा के गर्ने ?

**A** **आफ्नो यातायातको साधन रद्द गर्न एजेन्सीको कार्यालय समय भित्र यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस् ।** तपाईंले क्याब कम्पनीलाई एजेन्सीको कार्यालय समय भन्दा अगाडि मात्र सिधैं फोन गर्न सक्नुहुन्छ ।

**Q** मेरो समयतालिकामा परिवर्तन भएमा के गर्ने ?

**A** **यदि तपाईंले आफ्नो निर्धारित क्याब यातायातको सम्बन्धमा समय, मिति वा स्थान जस्ता कुनै जानकारी परिवर्तन गर्नुपर्ने नै भएमा यी परिवर्तनहरू बारेमा आफ्नो LEAP केस म्यानेजरलाई जानकारी गराउनुहोस् ।** क्याब यातायात प्रदायकलाई हामीले तिनीहरूलाई निर्देशन गरेको ठाउँमा मात्र तपाईंलाई लैजान अनुमति हुन्छ । तिनीहरूलाई तपाईंको क्याबको यात्राको सम्बन्धमा हामीले तिनीहरूलाई दिएको निर्देशन परिवर्तन गर्ने अनुमति हुँदैन ।

**चिकित्सकीय एपोइन्टमेन्टहरूको लागि बस पासहरू अनुरोध गर्न 614-233-2381 मा फोन गर्नुहोस्।**

**फ्रयाङ्कलिन काउन्टी रोजगारी तथा पारिवारिक सेवा विभागको यातायात एकाइ सोमबार देखि शुक्रबार बिहान 7:00 बजे देखि बेलुका 5:00 बजे सम्म (काउन्टीको बिदाका दिनहरू बाहेक) खुला रहनेछ।**

Franklin County Department of Job and Family Services
1721 Northland Park Avenue, Columbus, OH 43229

Franklin County
Where Government Works

**FCDJFS #123 (Rev. 8-2016)**

# प्रश्न तथा उत्तरहरू

## चिकित्सकीय क्याब यातायात सेवाहरूको लागि

## बस पासहरू




फ्रयाङ्कलिन काउन्टी रोजगारी तथा पारिवारिक सेवा विभाग

## Q मैले चिकित्सकीय एपोइन्टमेन्ट हरूको लागि बस पासहरू कसरी प्राप्त गर्न सक्छु ?

**A** तपाईंलाई आवश्यक पर्ने बस पासहरू तपाईंलाई पत्राचारद्वारा पठाउनको लागि **यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस्।** तपाईंको चिकित्सकसँगको एपोइन्टमेन्ट भन्दा 10 कार्यालय दिन अगाडि अनुरोध गर्नुपर्छ।





## Q मलाई कतिवटा पासहरू आवश्यक पर्छ ?

**A** **हरेक बस पासले COTA बसहरूमा एउटा एक दिन भरि यात्रा गर्न सकिन्छ।** एकै दिनमा तपाईंको जतिवटा एपोइन्टमेन्ट हरू भएपनि तपाईंले पूरै दिन बसमा यात्रा गर्नको लागि एउटा पास प्रयोग गर्न सक्नुहुन्छ।


## Q मेरो बस पासहरू नआएमा के गर्ने ?

**A** यदि तपाईंको निर्धारित एपोइन्टमेन्ट भन्दा पाँच दिन अगाडि सम्म पासहरू नआएमा **यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस्** र उनीहरूलाई तपाईंले अनुरोध गर्नुभएको पासहरू अझैं आइनपुगेको भनेर जानकारी गराउनुहोस्। हामीले तपाईंको हालको ठेगाना ठीक छ कि छैन भनेर सुनिश्चित गरेर तपाईंले अनुरोध गर्नुभएको पासहरू पुन: पठाउन प्रयास गर्नेछौं। यदि तपाईंको पत्राचार गर्ने ठेगाना परिवर्तन भएमा हामीलाई तत्काल जानकारी गराउनुहोस्!

## Q के मेरो बच्चाहरूलाई बस पास आवश्यक पर्छ ?

**A** 7 वर्ष भन्दा कम उमेरका बच्चाहरू COTA मा नि:शुल्क यात्रा गर्न पाउँछन्। 7-12 वर्षका बच्चाहरू घटाइएको दरमा युथ पासको लागि योग्य हुन्छन्।

योग्य यात्रुहरू मध्ये यी उमेर समूहहरूमा कोहि पर्ने भएमा हामीलाई जानकारी गराउनुहोस्।



## टाइटल XX यातायातको साधन प्रबन्ध गर्न 614-233-2381 मा फोन गर्नुहोस् ।

**फ्रयाङ्कलिन काउन्टी रोजगारी तथा पारिवारिक सेवा विभागको यातायात एकाइ सोमबार देखि शुक्रबार बिहान 7:00 बजे देखि बेलुका 5:00 बजे सम्म (काउन्टीको बिदाका दिनहरू बाहेक) खुला रहनेछ ।**

## टाइटल XX (Title XX) सेवाग्राहीहरू ध्यान दिनुहोस् !

टाइटल XX यातायात सेवाहरू प्राप्त गर्ने सेवाग्राहीहरूले विशेष परिस्थितिहरू लागू नहुँदा सम्म 6-महिना- योग्यता अवधिमा सामान्यतया चार राउण्ड ट्रीपको सीमित सुविधा प्राप्त गर्छन् ।

तपाईंको यातायात सेवाहरूको सीमाहरू बारेमा थप जानकारीको लागि यातायात एकाइमा सम्पर्क गर्नुहोस् ।

Franklin County Department of Job and Family Services
1721 Northland Park Avenue, Columbus, OH 43229

Franklin County
Where Government Works

FCDJFS #117 (Rev. 8-2016)

# प्रश्न तथा उत्तरहरू

## टाइटल XX

## चिकित्सकीय क्याब यातायात सेवाहरू



## Q चिकित्सक कहाँ जानको लागि मैले कसरी क्याब पाउन सक्छु ?

**A** यातायातको समय निर्धारण गर्न वा आफ्नो क्याबको प्रबन्ध बारे पुष्टि गर्न **यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस् ।**

तपाईंको चिकित्सकसँगको एपोइन्टमेन्ट भन्दा 24 घण्टा वा एक कार्यालय दिन अगाडि अनुरोध गर्नुपर्छ ।



## Q चिकित्सक कहाँबाट म कसरी घर फर्कन सक्छु ?

**A** क्याब ड्राइभरले तपाईंलाई घर फर्कन वा अर्को चिकित्सकीय एपोइन्टमेन्टमा जानको लागि तयार भएपछि प्रयोग हुने फिर्ती स्लिप दिनेछन् ।

**तपाईं हाल भएको स्थानबाट जान तयार हुनु भएपछि क्याबलाई बोलाउन फिर्ती स्लिपमा भएको नम्बरमा फोन गर्नुहोस् ।**

## Q म कति बेला तयार भएर बस्नुपर्छ ?

**A** **तपाईं क्याबको लागि आफ्नो एपोइन्टमेन्टको समय भन्दा एक घण्टा अगाडि तयार भएर बस्नुपर्छ ।**

(क्याब तपाईंको एपोइन्टमेन्टको समय भन्दा अगाडि एक घण्टा भित्रमा कुनैपनि समय आउन सक्छ ।)

## Q यदि क्याब नआएमा के गर्ने ?

**A** मौसमको अवस्था तथा अन्य कारक तत्वहरूले तपाईंको क्याब आउने समयलाई प्रभावित गर्न सक्छन् । **यदि क्याब तपाईंको एपोइन्टमेन्ट भन्दा 30 मिनट अगाडि सम्म नआएमा यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस्** जसबाट हामीले तपाईंलाई लैजानको लागि क्याब बाटोमा आउँदै छ भनेर सुनिश्चित गर्न सकौं ।

**क्याब कम्पनीलाई सिधैं फोन नगर्नुहोस् !**

हामीसँग तपाईंको यातायात बारेमा पुष्टि गर्न विशेष कार्यविधिहरू छन् ।

## Q यदि मलाई काउन्टीको कार्यालय समय पश्चात वा सप्ताहान्तहरूमा क्याब आवश्यक परेमा के गर्ने ?

**A** यदि तपाईंलाई काउन्टीको कार्यालय समय **पश्चात** क्याब सेवा आवश्यक परेमा अगाडि नै यातायात एकाइलाई सम्पर्क गर्नुहोस् ।

## Q यदि मैले क्याबलाई रद्द गर्नुपर्ने वा मेरो क्याबको प्रबन्धमा केही परिवर्तन गर्नुपर्ने नै भएमा के गर्ने ?

**A** यदि तपाईंले आफ्नो निर्धारित क्याब यातायातलाई रद्द गर्नुपर्ने वा समय, मिति वा स्थान जस्ता कुनै जानकारी परिवर्तन गर्नुपर्ने नै भएमा तपाईंले FCDJFS मा रहेको यातायात एकाइमा फोन गरेर यी परिवर्तनहरूको बारेमा जानकारी दिनुपर्छ ।

क्याब यातायात प्रदायकलाई हामीले निर्देशन गरेको ठाउँमा मात्र तपाईंलाई लैजान अनुमति हुन्छ ।

**NET यातायातको साधन प्रबन्ध गर्न 614-233-2381 मा फोन गर्नुहोस् ।**

**फ्रयाङ्कलिन काउन्टी रोजगारी तथा पारिवारिक सेवा विभागको यातायात एकाइ सोमबार देखि शुक्रबार बिहान 7:00 बजे देखि बेलुका 5:00 बजे सम्म (काउन्टीको बिदाका दिनहरू बाहेक) खुला रहनेछ ।**

Franklin County Department of Job and Family Services
1721 Northland Park Avenue, Columbus, OH 43229

Franklin County
Where Government Works

**FCDJFS #122 (Rev. 8-2016)**

# प्रश्न तथा उत्तरहरू

## गैर-आकस्मिक यातायात (NET)

चिकित्सकीय क्याब यातायात सेवाहरू



## चिकित्सक कहाँ जानको लागि मैले कसरी क्याब पाउन सक्छु ?

यातायातको समय निर्धारण गर्न वा आफ्नो क्याबको प्रबन्ध बारे पुष्टि गर्न **यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस् ।**

<u>तपाईंको चिकित्सकसँगको एपोइन्टमेन्ट भन्दा 24 घण्टा वा एक कार्यालय दिन अगाडि अनुरोध गर्नुपर्छ ।</u>



## चिकित्सक कहाँबाट म कसरी घर फर्कन सक्छु ?

क्याब ड्राइभरले तपाईंलाई घर फर्कन वा अर्को चिकित्सकीय एपोइन्टमेन्टमा जानको लागि तयार भएपछि प्रयोग हुने फिर्ती स्लिप दिनेछन् ।

**तपाईं हाल भएको स्थानबाट जान तयार हुनु भएपछि क्याबलाई बोलाउन फिर्ती स्लिपमा भएको नम्बरमा फोन गर्नुहोस् ।**

## म कति बेला तयार भएर बस्नुपर्छ ?

**तपाईं क्याबको लागि आफ्नो एपोइन्टमेन्टको समय भन्दा एक घण्टा अगाडि तयार भएर बस्नुपर्छ ।**

(क्याब तपाईंको एपोइन्टमेन्टको समय भन्दा अगाडि एक घण्टा भित्रमा कुनैपनि समय आउन सक्छ ।)

## यदि क्याब नआएमा के गर्ने ?

मौसमको अवस्था तथा अन्य कारक तत्वहरूले तपाईंको क्याब आउने समयलाई प्रभावित गर्न सक्छन् । **यदि क्याब तपाईंको एपोइन्टमेन्ट भन्दा 30 मिनट अगाडि सम्म नआएमा यातायात एकाइलाई 614-233-2381 मा फोन गर्नुहोस्** जसबाट हामीले तपाईंलाई लैजानको लागि क्याब बाटोमा आउँदै छ भनेर सुनिश्चित गर्न सकौं ।

**क्याब कम्पनीलाई सिधैं फोन नगर्नुहोस् !**
हामीसँग तपाईंको यातायात बारेमा पुष्टि गर्न विशेष कार्यविधिहरू छन् ।

## यदि मलाई काउन्टीको कार्यालय समय पश्चात वा सप्ताहान्तहरूमा क्याब आवश्यक परेमा के गर्ने ?

यदि तपाईंलाई काउन्टीको कार्यालय समय **पश्चात** क्याब सेवा आवश्यक परेमा अगाडि नै यातायात एकाइलाई सम्पर्क गर्नुहोस् ।

## यदि मैले क्याबलाई रद्द गर्नुपर्ने वा मेरो क्याबको प्रबन्धमा केही परिवर्तन गर्नुपर्ने नै भएमा के गर्ने ?

यदि तपाईंले आफ्नी निर्धारित क्याब यातायातलाई रद्द गर्नुपर्ने वा समय, मिति वा स्थान जस्ता कुनै जानकारी परिवर्तन गर्नुपर्ने नै भएमा तपाईंले FCDJFS मा रहेको यातायात एकाइमा फोन गरेर यी परिवर्तनहरूको बारेमा जानकारी दिनुपर्छ ।
<u>क्याब यातायात प्रदायकलाई हामीले निर्देशन गरेको ठाउँमा मात्र तपाईंलाई लैजान अनुमति हुन्छ ।</u>